आज मिति २०७७ साल चैत्र ४ गते बुधबारका दिन बिर्तामोड नगरपालिकाको बैठक नगर प्रमुख श्री ध्रुव कुमार शिवाकोटीज्यूको अध्यक्षतामा बसी निम्न बमोजिमको उपस्थितिले निम्न विषयमा छलफल गरी निम्न निर्णयहरु गरियो

<u>उपस्थिति</u>

नगर प्रमुख : श्री ध्रुव कुमार शिवाकोटी

नगर उप-प्रमुख : श्री पवित्रादेवी महतारा प्रसाई

१ नं. वडा अध्यक्ष : श्री अग्नी प्रसाद पाण्डे

२ नं. वडा अध्यक्ष : श्री नगेन्द्र प्रसाद संग्रौला

३ नं. वडा अध्यक्ष : श्री भोजराज सिटौला

४ नं. वडा अध्यक्ष : श्री कुल प्रसाद संग्रौला

५ नं. वडा अध्यक्ष : श्री राजेन्द्र प्रसाद लिङ्देन

६ नं. वडा अध्यक्ष : श्री सुर्य प्रसाद कन्ङ्वा

का.वा. ७ नं. वडा अध्यक्ष : श्री सुर्य बहादुर लावती ~~चन्द्रकला पकुवाल~~

का.वा. ८ नं. वडा अध्यक्ष : श्री दिपक भट्टराई

९ नं. वडा अध्यक्ष : श्री पवित्रा पाठक

१० नं. वडा अध्यक्ष : श्री दुर्योधन गुरुङ

कार्यपालिका सदस्य : श्री शुरेन राजवंशी

कार्यपालिका सदस्य : श्री द्रौपति गणेश

कार्यपालिका सदस्य : श्री भागिरथा आचार्य

कार्यपालिका सदस्य : श्री निता घतानी

कार्यपालिका सदस्य : श्री गिता पोखरेल

कार्यपालिका सदस्य : श्री संगिता शिवा

~~सदस्य~~ सचिव : श्री गणेश प्रसाद दाहाल

Scanned with CamScanner

## निर्णय नं.१

भुमि सम्बन्धी समस्या समाधान आयोग र नगरपालिका विच सम्झौता गर्न कार्यालयलाई अनुमति दिने साथै भूमीहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको स्थानीय तहबाट लगत संकलन सम्बन्धि कार्यबिधि-२०७७ को दफा ३ को उपदफा १ बमोनिम नगर स्तरिय भूमि सम्बन्धि समस्या समाधान सहजिकरण समिति र उपदफा २ बमोजिम वडा स्तरिय भूमि सम्बन्धि समस्या समाधान समिति निम्नानुसार गठन गर्ने निर्णय गरियो ।

**(क) नगर स्तरिय भूमि सम्बन्धि समस्या समाधान सहजिकरण समिति**

| | |
|---|---|
| (१) नगर प्रमुख श्री धुव कुमार शिवाकोटी | संयोजक |
| (२) नगर उप-प्रमुख श्री पवित्रादेवी महतारा प्रसाई | सह संयोजक |
| (३) नगर स्तरिय कृयाशिल राष्ट्रिय मान्यता प्राप्त राजनैतिक दलका प्रमुख वा निजले तोकेको प्रतिनिधि | सदस्य |
| (४) श्री निता घतानी | सदस्य |
| (५) श्री भागिरथा आचार्य घिमिरे | सदस्य |
| (६) श्री तोयानाथ अधिकारी बि.न.पा.-५ | सदस्य |
| (७) श्री पुजा गुरुङ बि.न.पा.-३ | सदस्य |
| (८) श्री गणेश प्रसाद दाहाल प्रमुख पसाशकीय अधिकृत | सदस्य सचिव |

**(ख) वडा स्तरीय भूमि सम्बन्धि समस्या समाधान सहजिकरण समिति**

| वार्ड नं | नाम र पद | |
|---|---|---|
| १ | १ वार्ड अध्यक्ष | अध्यक्ष |
| | २ वार्ड सदस्यहरु | सदस्य |
| | ३ यशोदा रसाईली | सदस्य |
| | ४ सुरेन्द्र नेपाल | सदस्य |
| | ५) वार्ड सचिव | सदस्य सचिव |

Scanned with CamScanner

| | |
|---|---|
| २ | १ वार्ड अध्यक्ष — अध्यक्ष<br>२ वार्ड सदस्यहरु — सदस्य<br>३ भवानि प्रसाद ओलि — सदस्य<br>४ शर्मिला राजवंशी — सदस्य<br>५) वार्ड सचिव — सदस्य सचिव |
| ३ | १ वार्ड अध्यक्ष — अध्यक्ष<br>२ वार्ड सदस्यहरु — सदस्य<br>३ जानुका मगर — सदस्य<br>४ सन्तोष डाली दर्जी — सदस्य<br>५) वार्ड सचिव — सदस्य सचिव |
| ४ | १ वार्ड अध्यक्ष — अध्यक्ष<br>२ वार्ड सदस्यहरु — सदस्य<br>३) उत्तम खनाल — सदस्य<br>४) गंगा शिवाकोटी ढकाल सदस्य<br>५) वार्ड सचिव — सदस्य सचिव |
| ५ | १ वार्ड अध्यक्ष — अध्यक्ष<br>२ वार्ड सदस्यहरु — सदस्य<br>३) गोपी गिरी — सदस्य<br>४) पार्वता विमली — सदस्य<br>५) वार्ड सचिव — सदस्य सचिव |
| ६ | १) वार्ड अध्यक्ष — अध्यक्ष<br>२) वार्ड सदस्यहरु — सदस्य<br>३) देबि प्रसाद नेपाल — सदस्य<br>४) उषा अधिकारी — सदस्य<br>५) वार्ड सचिव — सदस्य सचिव |

Scanned with CamScanner

| | |
|---|---|
| ७ | १) वार्ड अध्यक्ष अध्यक्ष<br>२) वार्ड सदस्यहरु सदस्य<br>३) प्रदिप खनाल सदस्य<br>४) दिलमाया लिम्बू सदस्य<br>५) वार्ड सचिव सदस्य सचिव |

| | |
|---|---|
| ८ | १) वार्ड अध्यक्ष अध्यक्ष<br>२) वार्ड सदस्यहरु सदस्य<br>३) कृष्ण विष्ट सदस्य<br>४) सरस्वति खतिवडा सदस्य<br>५) वार्ड सचिव सदस्य सचिव |
| ९ | १) वार्ड अध्यक्ष अध्यक्ष<br>२) वार्ड सदस्यहरु सदस्य<br>३) विष्णुमाया अधिकारी सदस्य<br>४) भोला पौडेल सदस्य<br>५) वार्ड सचिव सदस्य सचिव |
| १० | १) वार्ड अध्यक्ष अध्यक्ष<br>२) वार्ड सदस्यहरु सदस्य<br>३) अनुज सुब्बा सदस्य<br>४) कमला गौतम सदस्य<br>५) वार्ड सचिव सदस्य सचिव |

ग) भूमिहीन दलित,भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोवासीको लगत संकलनकार्यको लागि शिक्षकलाई खटाउने । उक्त कार्यको लागि एउटा वार्डमा अधिकतम दुईजना सम्म खटाउने र लगत संकलन गरेबापत संकलित फारमको प्रति फारम रु २५ पचिस उपलब्ध गराउने ।

## निर्णय नं.२

पाचौनगर सभाबाट व्यवसाय दर्ता र वार्षिक नविकरण गर्ने व्यवसाई हरुलाई २०७४ साल भन्दा अगाडिको कर छुटदिने म्याद २०७७ फाल्गुण मसान्त बाट समाप्त भएकोमा व्यवसाईहरुबाट उक्त सुविधाको म्याद थपकोलागि अनुरोध भै आएको हुदा उक्त समयावधि २०७८ आषाढ मसान्त सम्म थपगर्ने निर्णय गरियो ।

## निर्णय नं.३

सडक अधिकार क्षेत्रभित्र फुटपाथमा पसलहरु सञ्चालन गर्ने कम दिनानुदिन बढिरहेको हुँदा सडक अधिकार क्षेत्रभित्र सञ्चालनमा रहेका फुटपाथ पसलहरु टोलविकास संस्था, उद्योग वाणिज्य संघ, नागरिक समाज, स्थानीय प्रसाशन, राजनैतिक दल समेतको समन्वय तथा सहयोगमा हटाउने निर्णय गरियो ।

## निर्णय नं.४

बिर्तामोड नगरपालिका क्षेत्रभित्र सार्बजनिक शौचालय तुलनात्मक रुपमा न्यून रहेका छन । बढ्दो शहरिकरण संगै जनसंख्याको चाप समेत शहरतर्फ तिब्रगतिमा बढिरहेको छ । शहरि सुविधा र सेवा प्रवाह को सुनिश्चितता समेतलाई ध्यान दिई वार्ड नं.५ स्थित कृषि सामाग्री कम्पनी लिमिटेड र यान्त्रिक सडक कार्यालयको बीचमा सार्बजनिक शौचालय निर्माण गर्ने निर्णय गरियो ।

## निर्णय नं.५

बिधायन समितिबाट सिफारिस भै प्रस्तुत बिर्तामोड नगरपालिका अर्थ तथा सार्बजनिक लेखा समिति कार्य सञ्चालन कार्यविधि २०७७ पारित गर्ने निर्णय गरियो ।

## निर्णय नं.६

क्लासिक भिल्ला प्रा.लि. ललितपुर महानगरपालिका वडा नं. १५ सातदोबाटोले जग्गा विकास योजनाका लागि जग्गाको कित्ताकाटको सिफारिस माग भै आएकोमा बिर्तामोड नगरपालिकाको खेतीयोग्य जग्गा खण्डीकरण नियन्त्रण तथा सार्वजनिक जग्गा संरक्षण कार्यविधि ऐन, २०७७ को परिच्छेद (२) जग्गा खण्डीकरणका आधारहरु अन्तर्गत दफा (छ) मा दर्तावाला संस्था वा व्यक्तिले जग्गा विकास योजना तयार गरि कित्ता काटका लागि सिफारिस माग गरेमा देहाय बमोजिमको प्रक्रिया पूरा गरी कित्ताकाटका लागि सम्वन्धित निकायमा सिफारिस गर्न सकिनेछ भन्ने प्रावधान अनुसार सम्वन्धित वडाको सिफारिस पत्र, प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन, शहरी विकास शाखाको स्थलगत अनुगमनको प्रतिवेदन समेत राखी पेश हुन आएको जग्गा विकास योजना सम्वन्धि प्रस्ताव अनुसार क्लासिक भिल्ला प्रा.लि. ललितपुर महानगरपालिका

Scanned with CamScanner

वडा नं १५ सातदोबाटोको नाममा रहेको साविक गरामनि गा.वि.स. वडा नं २ हाल बिर्तामोड नगरपालिका वडा नं ७ सीट नं १८०-०२०३ को कित्ता नं १८१ को ०१६२७९.९० व.मि. जग्गा पूरा ऐ.ऐ. कित्ता नं १७४ को ००४६८.५० ब.मि. जग्गा पूरा, कित्ता नं १०१ को ०३०४८.०० व.मि. जग्गा मध्ये दक्षिण तर्फबाट ज.वि. ०१७५५.५१ ब.मि. जग्गा, ऐ.ऐ.कित्ता नं १४५ को ०७५०३.०० ब.मि. जग्गा मध्ये दक्षिण तर्फबाट ०३८५०.४५ ब.मि. जग्गा र ऐ.ऐ. कित्ता नं १७९ को ०९१७५.०० ब.मि. जग्गा मध्ये दक्षिण तर्फबाट ०३३९०.०० ब.मि. जग्गाहरु समेतको जग्गा २५७४४.३६ ब.मि. जग्गाहरुमा जग्गा विकास योजनाका लागि प्रस्ताव गरिएको जग्गाको कित्ताकाटको खाका अनुसारका सडकहरु र खुल्ला क्षेत्रका कित्ताहरु नेपाल सरकारको नाममा लगत कायम गरि बाँकी जग्गाहरुको प्रस्तावित खाँका अनुसार जग्गाहरुको कित्ताकाट गर्न बिर्तामोड नगरपालिकाको खेतीयोग्य जग्गा खण्डीकरण नियन्त्रण तथा सार्वजनिक जग्गा संरक्षण कार्यविधि ऐन, २०७७ को परिच्छेद (२) जग्गा खण्डीकरणका आधारहरु अन्तर्गत दफा (छ) को बुँदा नं.६ बमोजिम सिफारिस गर्ने निर्णय गरियो ।

## निर्णय नं.७

न्यायिक समितिबाट बिर्तामोड नगरपालिका वडा नं. ५ बस्ने शिला चौधरी र ऐ.ऐ. बस्ने राधा दास बीच मिति २०७६/०२/२४ गते न्यायीक समितिमा घर हटाई जग्गा खाली गर्ने विषयमा मिलापत्र भएकोमा राधा दासले मिलापत्र अनुसारको कार्य नगरेकाले उक्त मिलापत्र कार्यान्वयनको लागि कार्यापालिकामा पेश भएकोमा मिलापत्र अनुसार सम्बन्धित राधा दास बसोबास गरेको घर टहरा यथाशिघ्र कानुन बमोजिम हटाई कार्यान्वयन गर्ने निर्णय गरियो ।

## निर्णय नं. ८

बिर्तामोड नगरपालिका वडा नं ५ बस्ने लीला देबी पौडेल र ममता तामाङ राजवंशीले सार्वजनिक सडक अतिक्रमण गरि वडा नं.५ स्थित परिवर्तन मार्ग कन्चन टोल, जय श्री प्लास्टिकबाट पूर्व जाने सडकमा अनाधिकृत रुपमा घर बनाई बसोबास गरेकोमा यस कार्यालयबाट पटक पटक घर हटाउन पत्राचार गरिएकोमा हालसम्म अटेर गरि निजहरुले घर नहटाएकोले यथाशिघ्र कानुन बमोजिम घर टहरा हटाउने निर्णय गरियो ।

Scanned with CamScanner